**HBL** Himalayan Bank Ltd. हिमालयन बैंक लिमिटेड

**को**

# पच्चीसौं वार्षिक साधारण सभाबारे सूचना

२०७४ साल पौष महिना ६ गते बसेको संचालक समितिको बैठक नं. ३५० को निर्णयानुसार यस बैंकको पच्चीसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवश्यक कागजातहरु शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाइने व्यहोरा अवगत गराउदै सो सभामा उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

## पच्चीसौं वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान

**मिति** : **२०७४ साल पौष २८ गते शुक्रबार (तदनुसार १२ जनवरी २०१८)**

**समय** : **विहान ११:०० बजे**

**स्थान** : **कार्की व्याङ्क्वेट, माईतीघर, काठमाडौं**

## छलफलका विषय-सूची

**क) सामान्य प्रस्ताव**

१) पच्चीसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन,

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७३/७४ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण छलफल गरी पारित गर्ने,

३) संचालक समितिले सिफारिश गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजीको १.३१५८ प्रतिशत नगद लाभांश रु. ८ करोड ५४ लाख १६ हजार ७ सय ८२ (बोनस शेयरको कर प्रयोजनको लागि) दिने प्रस्ताव स्वीकृत गर्ने,

४) बैंकले आर्थिक वर्ष २०७३/७४ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तर्गत श्री प्रेम सेवा समाज, नाम्टार गा.वि.स. मकवानपुरलाई एम्बुलेन्स किन्नका लागि प्रदान गरेको रु. १२ लाख, श्री सिद्धि मेमोरियल फाउन्डेसन, भक्तपुरलाई प्रदान गरिएको विरामी दर्ता किताव छपाई तथा टेलिभिजन खरिद वापतको रु. १९०,७९७।३४, श्री मैतीदेवी मन्दिरको सुरक्षार्थ मन्दिर परिसरमा जडान गरिएको सि सि टी भी खरीद तथा जडान वापतको रु. १५७,५१६।२०, एच. बि. एल. सेजन फेलोसिप अन्तर्गत ४ जना आर्थिक पत्रकारहरुलाई प्रदान गरिएको उक्त फेलोसिप अवार्ड वापतको रु. २३०,०००।०० मात्र अनुमोदन गर्ने ।

५) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७४/७५ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने, (वर्तमान लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सले लगातार तीन वर्ष लेखापरीक्षण कार्य गरिसक्नु भएको छ )

**ख) विशेष प्रस्ताव**

१) संचालक समितिले सिफारिश गरेबमोजिम बैंकको जारी र चुक्ता पूँजी बृद्धि गर्न चुक्ता पूँजीको २५ प्रतिशतले हुने रु. १ अर्ब ६२ करोड २९ लाख ५ हजार ८ सय ७५ बोनस शेयर जारी गर्ने सम्बन्धी बिशेष प्रस्ताव स्वीकृत गर्ने ।

२) बैंकको प्रवन्ध-पत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार दिने,

**ग) विविध**

## जानकारी

१) मिति २०७४ साल पौष ११ गतेदेखि २०७४ साल पौष २८ गतेसम्म शेयर दाखिल खारेज बन्द रहने कुरा जानकारी गराइन्छ ।

२) शेयरधनी महानुभावहरुलाई बैंकको शेयरधनी लगतमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन, प्रस्तावित प्रबन्धपत्र र नियमावलीको संशोधन सहितको विवरण पठाइने छ ।

३) साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै प्रोक्सी फाराम बैंकको केन्द्रीय कार्यालय कमलादी समक्ष दर्ता गरिसक्नु पर्नेछ । मुकर्रर प्रतिनिधि बैंकको शेयरधनी हुनु अनिवार्य छ ।

४) सभामा भाग लिन र मतदान गर्न प्रतिनिधिपत्र (प्रोक्सी) दर्ता गरिसके पछि सोलाई बदर गरी अर्को प्रतिनिधिपत्र (प्रोक्सी) दिन चाहेमा सोको सूचना ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय, कमलादीमा जानकारी दिनु पर्नेछ ।

५) छलफलको विषयमध्ये विविध शीर्षकअन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत संचालक समितिको अध्यक्षलाई लिखितरुपमा दिनुपर्छ ।

६) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभा हुने दिन हितग्राही खाता खोलिएको (De-Mat) शेयरधनी परिचय पत्र वा शेयरधनी परिचय नम्बर लेखिएको शेयरप्रमाणपत्र साथमा लिइ आउनुहुन अनुरोध छ ।

७) नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछन् ।

८) एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकर्रर गरेकोमा सो बदर नगरी अर्को प्रतिनिधि मुकर्रर गरेमा जुन मुकर्रित लिखत बैंकको केन्द्रीय कार्यालय कमलादीमा पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

९) हाजिर पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहने छ ।

**शेयरधनी महानुभावहरुलाई विशेष जानकारी** :

क) बैंकले आफ्ना शेयरधनीहरुलाई न्यूनतम मौज्दात रु. ५००/- (पाँच सय) मा शेयरधनी बचत खाता खोल्ने व्यवस्था गरेको छ ।

(ख) यस भन्दा अगाडिको लाभांश तथा बोनस शेयर नलिनु भएका शेयरधनीहरुले बैंकको कमलादीस्थित प्रधान कार्यालय, कानून तथा शेयर शाखाबाट लिनु हुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**